आज मिति २०८० साउन ७ गते दिउसो १ बजे भेरीगंगा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री यज्ञप्रसाद ढकाल ज्युको अध्यक्षतामा भेरीगंगा नगरपालिकाको सभाकक्षमा तपशिल बमोजिमको उपस्थितमा बसि देहाय बमोजिमका निर्णयहरु गरियो ।

<u>तपसिल :</u>

श्री यज्ञप्रसाद ढकाल, नगर प्रमुख
श्री धनसरा बोहरा, नगर उपप्रमुख
श्री दिनेश पुलामी मगर, वडा अध्यक्ष वडा नं. १
श्री चिरन्जिवी बुढा, वडा अध्यक्ष वडा नं. २
श्री जीतबहादुर सुनार, वडा अध्यक्ष वडा नं. ३
श्री गंग बहादुर खत्री, वडा अध्यक्ष वडा नं. ४
श्री प्रेमबहादुर सारु मगर, वडा अध्यक्ष वडा नं. ५
श्री लालसिं बुढाक्षेत्री, वडा अध्यक्ष वडा नं. ६
श्री कर्णबहादुर मिजार, वडां अध्यक्ष वडा नं. ७
श्री पुसे कामी, वडा अध्यक्ष वडा नं. ८
श्री प्रेमबहादुर आग्री, वडा अध्यक्ष वडा नं. ९
श्री विरबहादुर बस्नेत, वडा अध्यक्ष वडा नं. १०
श्री जयबहादुर नेपाली, वडा अध्यक्ष वडा नं. ११
श्री ~~राम बहादुर डाङ्गी~~ इन्द्रलाल गिरी, का.वा. वडा अध्यक्ष वडा नं. १२
श्री गणेशबहादुर भण्डारी, वडा अध्यक्ष वडा नं. १३
श्री शेरबहादुर कामी, कार्यपालिका सदस्य
श्री सहविर महर, कार्यपालिका सदस्य
श्री पवित्रा घर्ती, कार्यपालिका सदस्य
श्री गौमाया खत्री, कार्यपालिका सदस्य
श्री खगीसरा पुन मगर, कार्यपालिका सदस्य
श्री मानसिं परियार, कार्यपालिका सदस्य
श्री अमृता वि.सी. विष्ट, कार्यपालिका सदस्य
श्री ओविसरा बस्याल, कार्यपालिका सदस्य
श्री कृष्णप्रसाद पोखेल, (सदस्य सचिव) प्रमुख प्रशासकीय अधिकृत

**<u>सहयोगी कर्मचारिहरु :</u>**

श्री कृष्णप्रसाद शर्मा, अधिकृत छैटौं
श्री बीर बहादुर चुनारा, कार्यालयसहयोगी
श्री विजय कुमार खत्री, इन्जिनियर
श्री ध्रुव बहादुर शाही, अ.सि.

| क्र.सं. | बैठकका एजेण्डाहरु |
|---|---|
| १. | नदीजन्य पदार्थको दररेट स्वीकृत सम्वन्धमा । |
| २. | नदीजन्य पदार्थको बोलपत्र आह्वान गर्ने सम्वन्धमा । |
| ३. | समपुरक कोष सम्वन्धमा । |
| ४. | विविध सम्वन्धमा । |

## मिति २०८०।०४।०७ गतेको कार्यपालिका बैठकमा भएका निर्णयहरु :

**प्रस्ताव नं. ०१ : नदीजन्य पदार्थको दररेट स्वीकृत सम्वन्धमा ।**

**निर्णय नं. ०१ :** यस भेरीगंगा नगरपालिकाको नदीजन्य पदार्थको उत्खनन् गर्न कर्णाली प्रदेश सरकारको आ.ब. २०८०।०८१ का लागि स्वीकृत भएको अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको विधेयकमा उल्लेख भएबमोजिम यस भेरीगंगा नगरपालिकाको आ.ब. २०८०।०८१ का लागि प्रति क्युबफिट दररेट रु. ३ तीनका दरले हुने गरी दहत्तर बहत्तर शुल्क स्वीकृत गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ०२ : नदीजन्य पदार्थको बोलपत्र आह्वान गर्ने सम्वन्धमा ।**

**निर्णय नं. ०२ :** यस भेरीगंगा नगरपालिकाको आ.ब. २०८०।०८१ का लागि नदीजन्य पदार्थको बोलपत्र आह्वान गर्ने र सो कार्यका लागि आवश्यक प्रकया पुरा गरि बोलपत्र आह्वान गर्न प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**प्रस्ताव नं. ०३ : समपुरक कोष सम्वन्धमा ।**

**निर्णय नं. ०३ :** यस भेरीगंगा नगरपालिकाको आ.ब. २०८०।०८१ को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत समपूरक कोषको रकम रु २,२०,००,०००। लाई बिभिन्न सघसँस्थामा सहलगानी गर्नका लागि तपशिल बमोजिम रकम विनियोजन गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

| क्र.स. | साझेदार संस्था | रकम रु |
|---|---|---|
| १ | SUSWA परियोजना | ४२,०२००० |
| २ | भेरीगगा १२ छिन्चु बहुउदेश्यीय कृषि भवन | २०,००,००० |
| | जम्मा रु | ६२,०२,००० |
| | म्याचिङका लागि बाँकि रकम रु | १,५७,९८,००० |

**प्रस्ताव नं. ०४ : विविध सम्वन्धमा ।**

**निर्णय नं. ०४ (क) :** यस भेरीगंगा नगरपालिकाको वडा नं ८ मा रहेको मैनतडा स्वास्थ्य चौकीमा सि अ न मि सहायकस्तर पाँचौ तहको पदमा कार्यरत श्री सविता राई आ व २०७९।८० मा NAMS मा संचालन हुने BNS/BMS शैक्षिक कार्यक्रम अध्ययन गर्नका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालय रामशाहपथ काठमांडौंवाट मनोनयन भई आएकोले निजलाई तलबी अध्ययन विदाको लागि सिफारिस दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

CamScanner

**निर्णय नं. ०४ (ख) :** यस भेरीगंगा नगरपालिकाको नगर अस्पताल जहरे, आयुर्वेद औषधालय र वडा नं ३ र ७ को वडा कार्यालय भवन निर्माण गर्नका लागि जग्गा खरिद गर्ने प्रक्रिया अगाडि बढाउन प्रमुख प्रशासकीय अधिकृतलाई निर्देशन दिने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ०४ (ग) :** यस भेरीगंगा नगरपालिकामा संचालित गरिबसंग विशेश्वर कार्यक्रम अन्तर्गत कार्यरत कर्मचारी सामाजिक परिचालक श्री गोरखबहादुर बुढाको निजले खाईपाई आएको मासिक तलब रु १६२५० मात्र भएको र उक्त पारिश्रमिक कार्यालयमा कार्यरत सबै कर्मचारी भन्दा न्यून रहेकोले निजलाई गरिबसंग विशेश्वर कार्यक्रमका अतिरिक्त यस नगरपालिकाको अन्य काममा पनि खटाउने र २०८० श्रावण देखि लागुहुने गरी निजले खाईपाई आएको तलबमा मासिक रु १०००० दश हजार थप गरि मासिक रु २६२५० कायम गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

**निर्णय नं. ०४ (घ) :** आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि स्थानिय पूर्वाधार सहयोग कार्यक्रम LISP पाईलट अन्तर्गत तपशिल बमोजिमका योजनाहरु छनौट गर्ने र साझेदारीका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपसिल

| क.सं. | योजनाको नाम | ठेगाना | पालिकाबाट सहलगानीका लागि प्रस्तावित रकम रु. |
|---|---|---|---|
| १ | मोहटी मनिरामकाँडा सडक निर्माण | भेरीगंगा १ | ५,५०,०००। |
| २ | सिस्नेरी काल्पानी चैते सडक निर्माण | भेरीगंगा २ | १०,००,०००। |
| ३ | सानो हर्रे खोरिया ठुलो हर्रे सडक निर्माण | भेरीगंगा ४ | ५,००,०००। |
| ४ | कालिदमार लेखहात्तिखाल सडक निर्माण | भेरीगंगा ५ | १०,००,०००। |
| ५ | बबईहात्तिखाल गेरुवानी कुईने सडक निर्माण | भेरीगंगा ५ | १०,००,०००। |
| ६ | भेरीगंगा ७ अपुरा सडक निर्माण तथा स्तरउन्नती | भेरीगंगा ७ | १०,००,०००। |
| ७ | भेरीगंगा ८ सडक ग्राभल | भेरीगंगा ८ | १०,००,०००। |
| ८ | लेकबेसी टोल देखि प्रभात प्रा.वि. हुदै नाच्नेखोला पुल जाने सडक निर्माण | भेरीगंगा ९ | ९,५०,०००। |
| ९ | हरियाली दमार, दुर्गा, भगवती, तालबारी, टाकुरी टोलमा सिंचाई कुलो निर्माण | भेरीगंगा १० | १४,००,०००। |
| १० | दिनेशको घरदेखि भगवती प्रा.वि.जाने सडक र लापने को घरदेखि उत्तीसपानेको घर जाने सडक निर्माण | भेरीगंगा ११ | १२,००,०००। |
| ११ | सवडिभिजन वन कार्यालय हुदै पिपलचौतारा जाने सडक र पक्की नाली निर्माण | भेरीगंगा १२ | १०,००,०००। |
| १२ | हरियाली प्रवर्द्धन तथा फोहरमैला प्रशोधन केन्द्र निर्माण | भेरीगंगा १२ | ५०,००,०००। |
| १३ | फुर्केसल्ली हुँदै साहुटोल, सुठाबारी, कैनपानी पहिरो नियन्त्रण कार्यक्रम | भेरीगंगा ४ र ७ | २८,५०,०००। |
| १४ | टमटा टोलदेखि झिंग्नी हुँदै ७ नं. जोड्ने सडक नाली निर्माण | भेरीगंगा ६ | १५,००,०००। |
| १५ | करेली खोला न्याउलचौर सिंचाई ड्याम निर्माण | भेरीगंगा १३ | २३,००,०००। |
|  | जम्मा रु. |  | २,४७,५०,०००। |

**निर्णय नं. ०४ (ङ) :** आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि GIZ/GRAPE परियोजना अन्तर्गत तपशिल बमोजिमका योजनाहरु छनौट गर्ने र साझेदारीका लागि सम्वन्धित निकायमा सिफारिस गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

तपसिल

| क्र.सं. | योजनाको नाम | ठेगाना | पालिकाबाट सहलगानीका लागि प्रस्तावित रकम रु. |
|---|---|---|---|
| १ | मुलपानी, काउले सिंचाई कुलो तथा अधुरा सिंचाई निर्माण | भेरीगंगा ७ | ७,६०,०००। |
| २ | मदानीचौर नयाँबस्ति लिफ्ट सिंचाई मर्मत | भेरीगंगा १० | ३,००,०००। |
| ३ | बबई हात्तिखाल लिफ्ट सिंचाई निर्माण | भेरीगंगा ५ | ४,००,०००। |
| ४ | मुरलीखोला, दमारगाँउ सिंचाई कुलो मर्मत | भेरीगंगा ४ | १,५०,०००। |
| ५ | बुलबुले शान्तिनगर टोल सिंचाई कुलो मर्मत | भेरीगंगा ११ | २,००,०००। |
| ६ | फुर्केसल्ली साहुटोल र सुठाबारी पहिरो नियन्त्रण | भेरीगंगा ४ | २,००,०००। |
| ७ | कैनपानी पहिरो नियन्त्रण तथा मुहान संरक्षण | भेरीगंगा ७ | १,५०,०००। |
| ८ | बराहडाँडा ताल संरक्षण | भेरीगंगा १० | |

**निर्णय नं. ०४ (च) :** यस भेरीगंगा नगरपालिकाका केहि वडाहरुमा २०८०।४।४ गतेको अविरल वर्षाका कारण बाढि पहिरो आई घर, सिंचाई कुलो, खानेपानी, धान खेती, सडक लगायतमा क्षती गरेकोले प्राप्त निबेदनका आधारमा राहात प्रदान गरिदिनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय सर्वसम्मतिले पारित गरियो ।

CamScanner